नारदभक्तिसूत्रम्

सानुवादव्याख्यासहितम्

वंशीविभूषितकरं नवनीरदसुन्दरम् ।
बर्हापीडमहं नौमि कञ्चिद् गोपकिशोरकम् ।।

———— o ————

अनुवादको व्याख्याकारश्च

प्रा.डा. दुर्गादत्तशर्मा उपाध्यायः

नारदभक्तिसूत्र

(सानुवाद व्याख्यासहित)

अनुवादक एवं व्याख्याकार

प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय

वाल्मीकि विद्यापीठ

भृकुटीमण्डप, प्रदर्शनीमार्ग, काठमाडौं

हरिशयनी एकादशी

२०६१

लेखक
प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय
वाल्मीकि विद्यापीठ
भृकुटीमण्डप, प्रदर्शनीमार्ग
काठमाडौं

© सर्वाधिकार
लेखकमा सुरक्षित

प्रकाशित प्रति
१००० प्रति

मूल्य रु.
३०।-

मुद्रक
लुष प्रेस, बानेश्वर, काठमाडौं
फोन : ४७८२८२४

टंकणकर्ता
समीर मुखिया (सुनुवार)

प्रकाशक
छोरा - मोहन शर्मा पौडेल
जन्म - वि. सं. २०१६।३।२०
शिक्षा - बी. ए.
आवास - भ.न.पा.-१२, चितवन

Dr. Swami Prapannacharya
Member, Raj Parishad Standing Committee
Phone : 4225578 (O), 4471528 (R)
Fax : 4226982
Mrigasthali, Kathmandu, Nepal.

Date :

डा. स्वामी प्रपन्नाचार्य
सदस्य, राजपरिषद् स्थायी समिति
फोन : ४२२५७८ (का), ४४७१२८ (नि.)
फ्याक्स : ४२२६९८२
मृगस्थली, काठमाडौं, नेपाल

मिति : १६।१।२०६१

शुभकामना

नारदभक्तिसूत्र 'भक्ति' प्रतिपादक सूत्रहरूमा प्रसिद्ध ग्रन्थ हो । तर यस भक्तिसूत्रलाई आकारको दृष्टिले ग्रन्थ भन्न उपयुक्त नभए पनि भक्तिसूत्र ग्रन्थहरूमा ग्रन्थकै रूपमा गणना विद्वान्हरूले गरेका छन् । यसै नारदभक्तिसूत्रको वि.सं. १८ औं शताब्दीका 'अनन्तराम धर' काश्मीरी विद्वान्ले एकएक सूत्रका तीनतीन पानादेखि पाँचपाँच पानासम्मका भाष्य लेखेका छन् । एक वित्ता चौडा र डेढ वित्ता लम्वा कागजमा कसैमा २५ हरफ कसैमा ३२ हरफसम्म भएको डेढसय पाना कागजको नारदभक्तिसूत्र ग्रन्थ 'हरिपुर हजारा' मा महाराजा हरिसिंहको हस्तलिखित सङ्ग्रहमा छ। यसको प्रकाशन ऐलेसम्म पनि हुन सकेको छैन र देखिएन पनि । यस्ता अरू पनि ग्रन्थ नारदभक्तिसूत्रमा थुप्रै छन् यो रिसर्चको विषय हो र शोधखोज गवेषणा गर्दै गए पत्ता लाग्ने छ ।

नेपालमा भने खासै नारदभक्तिसूत्रको चर्चा परिचर्चा भएको पाइएन । नाम भने केही औंलामा गन्ने योग्य पण्डित विद्वान्हरूको मुखवाट सुन्न पाइन्छ । नेपालीराष्ट्रभाषामा स्व. डा. डिल्लीराम तिमल्सिनाजीले अनुवाद गर्नुभएको छ । खोज गरे अरू पनि पाइएलान् कि ?

दोस्रो वार नेपालीभाषामा नारदभक्तिसूत्रलाई हेर्न पाउदा हार्दिक प्रसन्न भएको छु। अनुवादक तथा व्याख्याता प्रा.डा. दुर्गादत्त पौडेल सुयोग्य विद्वान् हुनुहुन्छ । वहाँले अनुवाद मात्रै नभएर कतैकतै आफ्नो व्याख्या पनि दिनुभएको छ । यो भक्तिसूत्र पाठकवृन्दका लागि उपयोगी हुने छ भन्ने ठानेको छु । यति काम गरेर नेपाली पाठकवर्गलाई उपकार गर्नुभएको उपलक्ष्यमा अनुवादक, व्याख्याता प्रा.डा. दुर्गादत्त पौडेलजीलाई हार्दिकी शुभकामनासहित धन्यवाद दिन्छु ।

डा. स्वामी प्रपन्नाचार्य

शुभाशंसा

पूर्वीय वाङ्मयका विशिष्ट विद्वान् प्राध्यापक डा. दुर्गादत्त शर्माले 'नारदभक्तिसूत्र' को व्याख्यासहितको नेपाली अनुवाद गरी जनसमक्ष ल्याउनुभएकोमा म उहाँको यस कार्यको हार्दिक सराहना गर्दछु।

'नारदभक्तिसूत्र' त्यस्तो गहन कृति हो, जसले भक्तिमार्गद्वारा जीवन सार्थक बनाउन चाहने साधकलाई स्पष्ट मार्गदर्शन गराउँदछ। वास्तवमा कर्मयोग, भक्तियोग र ज्ञानयोगमा तात्त्विक अन्तर छैन। सबैको तात्पर्य ईश्वर-साक्षात्कारद्वारा परम आनन्दप्राप्ति नै मान्नुपर्दछ। तापनि 'प्राधान्येन व्यपदेशा भवन्ति' भनेझैं प्रधान प्रवृत्तिका आधारमा मार्गविशेषको उल्लेख भएको हुन्छ।

संस्कृतमा अनेकौं यस्ता अमूल्य रत्नहरू छन् जसले सिङ्गो जीवनलाई नै प्रभावित पार्छन्। तर धेरैको संस्कृत भाषामा पहुँच नहुनाले तिनवाट लाभ प्राप्त गर्न संभव छैन। आधिकारिक विद्वान् दुर्गादत्तजीले समाजका अगाडि यो नारदभक्तिसूत्र राखिदिनुभएको छ।

वढीभन्दा वढी पाठकहरूले यसको उपयोगितावोध गर्ने छन् भन्ने आशा प्रकट गर्दछु।

अन्तमा, यस कृतिका अनुवादक तथा व्याख्यातालाई अरू पनि यस्ता कार्य गर्न सफलता मिलोस्- म यही शुभाशंसा प्रकट गर्न चाहन्छु।

दिनाङ्क : २०६१।२।२०
अनामनगर, काठमाडौं

डा. माधव भट्टराई
नायव वडागुरुज्यू

प्राक्कथन

समस्त प्राणीमा विवेकशील प्राणी मानव हो । मानवले आफ्नो निमित्त धेरै आवश्यक भौतिक आविष्कार एवं विकास गर्दै आएको छ र मानवजीवनलाई उत्तरोत्तर सुख सुविधा सम्पन्न बनाउँदै लगेको छ । तर पनि व्यक्तिगत या सामाजिक दृष्टिवाट विश्वलाई हेर्दा मानवमा असन्तोष, अशान्ति, नैराश्य, भय झन्-झन् वढ्दै गएको देखिन्छ । कारण भौतिक सुविधाद्वारा आवश्यक पूर्ति भएर मात्र मानिस सुखी हुन्न । वास्तविक सुखको अनुभूति गर्न उसलाई आध्यात्मिक ऊर्जाको आवश्यकता पर्दछ । अध्यात्म भनेको इन्द्रिय मनवुद्धि आदिलाई प्रकाशित गर्ने अधिष्ठान कूटस्थ आत्मा हो । आत्मज्ञानवाट नै शान्ति, सन्तोष, क्षमा, दया आदि सद्गुणको उदय हुन्छ । यी गुणहरूको विकास गर्न सक्यो भने मात्र मानवले सच्चा सुखको उपलव्धि गर्न सक्छ । शिष्ट मानवमा देखिने उपर्युक्त सद्गुणहरू नै आध्यात्मिक ऊर्जाका द्योतक हुन् । आध्यात्मिक ऊर्जा प्राप्तिका निमित्त शास्त्रमा तीनवटा मार्ग वताइएका छन् । ती हुन्– (१) कर्ममार्ग, (२) ज्ञानमार्ग र (३) भक्तिमार्ग ।

(१) कर्ममार्ग भनेको त्यो हो जसमा फलको आकाङ्क्षा नराखिकन निष्काम भावले कर्तव्य कर्म गरिन्छ र त्यसैवाट आत्मसाक्षात्कार अथवा भगवत्प्राप्ति र मानिस सुखी हुछ । निरतिशय सुख प्राप्त गर्दछ । गीतामा भगवान् भन्नुहुन्छ–

"तस्मादसक्तः सततं कार्य कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरूषः ।। ३।१९

तर यो कर्ममार्ग गहन छ । किन कि यसमा कर्म अकर्म विकर्म छुट्याउनै गाह्रो हुन्छ भन्ने कुरा भगवान्ले नै भन्नुभएको छ ।

"कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।।

(२) ज्ञानमार्ग भनेको सत् असत् पदार्थको विवेचन गरी विश्वव्यापी परब्रह्मको परिचय गर्ने मार्ग हो । यो निराकारब्रह्मको उपासना हो । यस मार्गमा ब्रह्म सत्य र जगत् सबै मिथ्या हो ब्रह्म सच्चित् आनन्दस्वरूप निराकार छ भन्ने ज्ञान श्रवण मनन निदिध्यासन आदिद्वारा हुन्छ र राग-द्वेष, शीत-उष्ण, सुख-दुःख, मान-अपमान आदि द्वन्द्व र काम, क्रोध, लोभ, शोक, मोह, भय आदिबाट रहित आफ्नो स्वरूपको पहिचान गरेर सुखी हुन्छ । यो मार्ग पनि अत्यन्त कठिन छ । यसमा उपनिषद् एवं वेदान्तका जटिल एवं गूढ रहस्य बुझाउने तत्त्वज्ञानी गुरु पाउन पनि दुर्लभ छ र आत्मसंयम शम दम आदि साधनहरू पनि कठिन छन् । भगवान् भन्नुहुन्छ–

"क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ।।"

भगवद्गीता १२।५

ती निर्गुण निराकार ब्रह्मको उपासना गर्ने व्यक्तिहरूलाई अधिक क्लेश हुन्छ । प्राणीले वडो मुश्किलले मात्र अव्यक्त गति अर्थात् ज्ञानमार्गको सिद्धि प्राप्त गर्दछ । साङ्ख्य दर्शनमा प्रतिपादन गरिएको योगमार्ग पनि ज्ञानयोग कै अर्को भेद मान्न सकिन्छ । त्यसमा उपासना (भक्ति) लाई पनि योगको साधन मानिएको छ ।

(३) भक्तिमार्ग भनेको प्रेममार्ग हो । यसमा भगवान्का अवतार रामकृष्ण आदिको अर्चा विग्रहमा अथवा सूर्यमण्डलमा अथवा हृत्कमलमा

ध्यानद्वारा स्मरण गरिएको मूर्तिमा अत्यन्त प्रेमपूर्वक पूजा र कीर्तन, वन्दन, कथाश्रवण आदि गर्नुलाई भक्ति भनिन्छ । भक्ति गर्दागर्दै भक्तले भगवान्लाई आफ्नै प्रियतम आत्मस्वरूप र सारा जगत् भगवन्मय देख्न थाल्दछ । काम, क्रोध, शोक, मोह, भय आदि विकार हट्दछन् । परम आनन्दमा स्थित हुन्छ । यो भक्तिमार्ग यी तीनवटै मार्गमध्ये सुगम र सरल पनि छ । यसमा भक्तको सहारा भगवान् नै हुनुहुन्छ । भक्तको विघ्नबाधा भगवान्ले नै दूर गर्नुहुन्छ । भगवान् स्वयं भन्नुहुन्छ–

"ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्
भवामि न चिरात्पार्थ मय्यावेशितचेतसाम्"

श्रीमद्भगवदगीता १२।६-७

"हे अर्जुन ! जसले सबै कर्म ममा समर्पण गरेर ममा निरन्तर निरतिशय प्रेम राखेर अनन्य भक्तियोगद्वारा मेरो भक्ति गर्दछन्, उनीहरूलाई यो मृत्युको भयले युक्त संसार सागरबाट छिटै नै उद्धार गर्छु पार लगाउँछु ।"

"मच्चितः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।" १८।५८

"हे अर्जुन ! ममा चित्त लगाएर भक्ति गऱ्यौ भने मेरा निगाहले सम्पूर्ण विघ्नबाधा दुःखबाट पार पाउने छौ ।" यसरी भक्तिमार्गको गीतामा मात्र हैन कि भागवतमा पनि अत्यन्त प्रशंसा गरिएको छ ।

"स वै पुसां परोधर्मो यतो भक्तिरधोक्षजे ।
अहैतुक्यप्रतिहता ययात्मा संप्रसीदति ।।" श्रीमद्भागवत १।२।६

"त्यो नै मानिसहरूको परमधर्म हो जसबाट भगवान्मा निरन्तर निष्काम भक्ति होस् यसैले आत्मा प्रसन्न हुन्छ, निर्मल हुन्छ ।" भक्तिमार्गको प्रशंसा अरू पुराणमा पनि पाइन्छ ।

भक्तिमार्गका प्रवर्तक सनत्कुमार व्यास, शाण्डिल्य, गर्ग, हनुमान नारद आदि धेरै आचार्य छन् भन्ने कुरा यसै ग्रन्थको अन्तिम सूत्रवाट वुझिन्छ । तीमध्ये प्रस्तुत भक्तिसूत्र नारदमुनिले रचना गरिएको हो । यसको हिन्दी अनुवाद सहितको प्रथम संस्करण गीताप्रेसवाट १९९२ मा प्रकाशित भएको र त्यसपछि २०५५ सम्म तेइसवटा संस्करण प्रकाशित भैसकेका रहेछन् । यसैवाट यसको लोकप्रियता सिद्ध हुन्छ । मलाई अहिले मात्र यो पढ्ने सौभाग्य मिल्यो । यसलाई पढिसकेपछि नेपाली भाषामा यसको अनुवाद गर्न म अभिप्रेरित भएँ । वीचवीचमा कहींकहीं सूत्रको अभिप्राय खुलाउन आवश्यकता अनुसार लामो व्याख्या पनि गरिएको छ । अतः यसलाई व्याख्यासहित अनुवाद भन्नु उचित होला भन्ने ठान्दछु । यस पुस्तिकावाट पाठकहरूले थोरै मात्र पनि लाभ उठाउन सक्नुभएमा आफ्नो परिश्रम सफल सम्झने छु ।

अन्तमा सम्मतिका लेखक राजपरिषद् स्थायी समितिका सदस्य सम्माननीय प्रा.डा. स्वामी प्रपन्नाचार्यज्यू एवं राजगुरु प्रा.डा. माधव भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै टङ्कन मुद्रणको अभिभारा लिइ सहयोग गर्नुहुने लुष प्रेसका प्रवन्धक गुहनाथ पौडेलज्यू एवं उहाँका कर्मचारीहरू समीर मुखिया (सुनुवार), रघुनन्दन पौडेल, सुमन शर्मा आदिमा पनि शतशः हार्दिक धन्यवाद ज्ञापन गर्दछु । श्रद्धापूर्वक व्ययभार स्वीकार गरी प्रकाशनमा ल्याइदिने छोरा मोहन शर्माप्रति भूरि भूरि आशीर्वचन व्यक्त गर्दछु ।

२०६१।०३।१५
हरियशनी एकादशी

प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय
वाल्मीकि विद्यापीठ

नारदभक्तिसूत्र

सरल नेपाली अनुवाद एवं व्याख्यासहित

वयस्यैः सह खेलन्तं यमुनापुलिने मुदा ।
नवीननीरदश्यामं वन्देऽहं नन्दनन्दनम् ।।

१. **अथातो भक्तिं व्याख्यास्यामः ।।१।।**
अव यहाँ हामी भक्तिको व्याख्या गर्छौं ॥ यहाँ "नारद उवाच" भनिएको नभए पनि यसको नाम नारदभक्तिसूत्र हुनाले यो भक्तिसूत्र नारदमुनिवाट रचना गरिएको हो भन्ने कुरा स्वतः प्रमाणित हुन्छ ।

२. **सा तस्मिन्परमप्रेमरूपा ।।२।।**
त्यो भक्ति ईश्वरका प्रति परमप्रेमस्वरूप छ ॥

३. **अमृतस्वरुपा च ।।३।।**
अमृत स्वरूप पनि छ ॥

४. **यल्लब्ध्वा पुमान् सिद्धो भवत्यमृतो भवति तृप्तो भवति ।।४।।**
जुन भक्तिलाई पाएर मनुष्य सिद्ध हुन्छ, अमर हुन्छ र तृप्त पनि हुन्छ ॥४॥

५. यत्प्राप्य न किञ्चिद् वाञ्छति न शोचति न द्वेष्टि न रमते नोत्साही भवति ।।

जुन भक्ति प्राप्त भएपछि मानिस न कुनै वस्तुको इच्छा गर्छ, न शोक गर्छ, न द्वेष गर्छ, न कुनै वस्तुमा आसक्त हुन्छ, न विषयभोगमा उत्साहित हुन्छ ॥५॥

६. यज्ज्ञात्वा मत्तो भवति, स्तब्धो भवति आत्मारामो भवति ।।

जुन परमप्रेमरूपा भक्तिको ज्ञान भएपछि मानिस मत्त (पागल) जस्तै हुन्छ स्तब्ध (निश्चल, शान्त) हुन्छ, आत्माराम हुन्छ ॥६॥

७. सा न कामयमाना निरोधरूपत्वात् ।।

त्यो प्रेमरूपा भक्ति कामनारूप हुँदैन किन कि त्यो निरोधस्वरूप छ ॥७॥

८. निरोधस्तु लोकवेदव्यापारविन्यासः ।।

लौकिक वैदिक (सम्पूर्ण) कर्मको परित्याग नै निरोध हो ॥७॥

९. तस्मिन्ननन्यता तद्विरोधिषूदासीनता च ।।

ती प्रियतम भगवान्मा अनन्यता र त्यसको प्रतिकूल विषयमा उदासीनता (उपेक्षाभाव) हुनुलाई पनि निरोध भनिन्छ ।

१०. अन्याश्रयाणां त्यागोऽनन्यता ।।

आफ्ना प्यारा भगवान् वाहेक अरू आश्रयको त्याग गर्न नै अनन्यता हो ॥१०॥

११. लोके वेदेषु तदनुकूलाचरणं च ।।

लौकिक कर्म र वैदिक कर्ममा पनि भगवान्को अनुकूल कर्ममात्र गर्नु नै अनन्यताको विरोधी (प्रतिकूल) विषयमा उदासीनता हो ॥११॥

१२. भवतु निश्चयदाढर्यादूर्ध्वमपि शास्त्ररक्षणम् ।।
विधिनिषेधवाट अतीत अलौकिक प्रेम प्राप्त भएको मनमा निश्चय भैसकेपछि पनि शास्त्ररक्षा गर्नुपर्छ अर्थात् भगवद्भक्ति अनुकूल शास्त्रोक्त कर्म गर्नुपर्दछ ॥१२॥

१३. अन्यथा पातित्याशङ्कया ।।
शास्त्रोक्त कर्म नगर्दा पतित हुने (मार्गवाट भ्रष्ट हुने) आशङ्का हुनाले नै शास्त्रोक्त कर्म गर्नुपर्दछ ॥१३॥

१४. लोकोऽपि तावदेव किन्तु भोजनादिव्यापारस्त्वाशरीर-धारणावधि ।।
लौकिक आचार पनि त्यतिसम्म गर्नुपर्दछ जति र जुन लौकिक आचारमा रहँदा लोकले उन्मार्गगामी र भ्रष्ट नसंझोस् । परन्तु भोजन शयन आदि शारीरिक व्यापार त शरीर रहञ्ज्याल सम्म चलिरहन्छन् ॥१४॥

१५. तल्लक्षणानि वाच्यन्ते नानामतभेदात् ।।
अव ती भक्तिका लक्षणहरू नानामत अनुसार वर्णन गरिन्छन् ॥१५॥

१६. पूजादिष्वनुराग इति पाराशर्यः ।।
'पराशरस्य अपत्यं पुमान्' पाराशर्यः, यो विग्रह अनुसार पराशर ऋषिका छोरा हुनाले व्यासलाई पाराशर्य भनिन्छ । व्यास ऋषिको मतमा भगवान्को पूजा आदिमा अनुराग हुनु भक्ति हो । आदिशब्दवाट भजन कीर्तन आदि लिइन्छन् ॥१६॥

१७. कथादिष्विति गर्गः ।
गर्ग ऋषिले कथा आदिमा अनुराग हुनु भक्ति हो भन्दछन् ।

आदिशब्दवाट भगवान्का कथा र लीलाहरूमा देखिने आश्चर्यपूर्ण घटना आदि बुझिन्छन् ॥

१८. आत्मरत्यविरोधेनेति शाण्डिल्यः ।।

शाण्डिल्य ऋषिको मतमा आत्मरति (आत्मानन्द) को विरोध नहुने गरी गरिने भगवदनुरागलाई भक्ति मानिएको छ ॥१८॥

१९. नारदस्तु तदर्पिताखिलाचारता तद्विस्मरणे परमव्याकुलता चेति ।।

परन्तु नारदको मतमा आफ्ना सम्पूर्ण कर्म भगवान्मा समर्पण गरेर भगवान्को निरन्तर स्मरण गर्नु अनि भगवान्लाई विर्सदा अत्यन्त व्याकुल हुनु नै भक्ति मानिएको छ ॥१९॥

२०. अस्त्येवमेवम् ।।

यो कुरा यही हो । अर्थात् यही ठीक कुरा हो ॥२०॥

२१. यथा व्रजगोपिकानाम् ।।

जस्तो कि व्रजका गोपिनीहरूको भक्ति थियो ॥२१॥

२२. तत्राऽपि न भगवन्माहात्म्यज्ञानविस्मृत्यपवादः

त्यहाँ पनि भगवन्माहात्म्य ज्ञानको विस्मरणरूप कलङ्क हुनु हुँदैन र गोपिनीहरूमा पनि भगवन्माहात्म्यज्ञानविस्मरणरूप कलङ्क थिएन ॥२२॥

यहाँ तत्र अपि (त्यहाँ पनि) यी दुई पदले माथि भक्तिको लक्षण र उदाहरणरूप १९ र २१ दुई सूत्रमा बताइएका दुई कुरालाई सम्झाउछन् । पहिले १९ सूत्रमा भक्तिको लक्षणमा भनिएको छ- आफ्ना सम्पूर्ण कर्म भगवान्मा समर्पण गर्नु र भगवान्को निरन्तर स्मरण गर्नु एवं भगवान्लाई

विर्सदा परमव्याकुलता हुनु भक्ति हो । तर (तत्र अपि) त्यहाँ पनि भगवान्का माहात्म्यको ज्ञानको विस्मृति हुनु याने भगवान्को महिमालाई विर्सनु अपवाद याने कलङ्क हो, त्यो हुनु हुँदैन भन्ने यौटा कुरा र तत्रापि त्यो २१ औं सूत्रमा भक्तको उदाहरणरूपमा प्रस्तुत गोपिनीहरूमा पनि १९ औं सूत्रमा बताइए अनुसारको भक्ति थियो । भगवान्माहात्म्य विस्मृतिरूप कलङ्क थिएन, निष्कलङ्क थिए भन्ने अर्को कुरा, यी दुवै कुरालाई तत्र अपि यी दुई पदले संझाएका छन् ॥

२३. तद्विहीनं जाराणामिव ।

तद्विहीनंको अर्थ "भगवन्माहात्म्यज्ञानविहीनम्" हो । भगवान्को माहात्म्यज्ञान नभएको भक्ति त जारले कुनै व्यभिचारिणी स्त्रीमा गरिने प्रेम वा व्यभिचारिणी स्त्रीले जारसँग गरिने प्रेमजस्तै हो ॥२३॥

२४. नास्त्येव तस्मिँस्तत्सुखसुखित्वम् ।।

जसमा भगवन्माहात्यको ज्ञान छैन, त्यस्तो जारको प्रेम जस्तो प्रेममा, निरतिशय प्रियतम आत्मस्वरूप भगवान्को प्रेमबाट प्राप्त हुने भक्तिको विलक्षण सुख मिल्दैन र भगवान्को महिमा जानेर भक्ति गर्ने भक्त जस्तो सुखी हुन सक्तैन ॥२४॥

२५. सा तु कर्मज्ञानयोगेभ्योऽप्यधिकतरा ।।

यस्तो उत्कृष्ट प्रेममयी भक्ति त कर्मयोग ज्ञानयोग भन्दा पनि अधिक श्रेष्ठ छ, अथवा गीतोक्त कर्मयोग ज्ञानयोग र योगदर्शन प्रतिपादित योगभन्दा पनि श्रेष्ठ छ । कर्म, ज्ञान र योगभन्दा किन भक्तिश्रेष्ठ छ भन्ने कुरा आगामी सूत्रमा स्पष्ट गरिन्छ । यस सूत्रमा "कर्मज्ञानयोगेभ्यः" यस पदमा रहेको बहुवचनद्वारा कर्ममार्ग ज्ञानमार्ग, योगमार्ग र प्रस्तुत भक्तिमार्गसहित चारवटा अध्यात्ममार्ग स्वीकार गरेको बुझिन्छ ।

तर योगमार्ग ज्ञानमार्गकै एक शाखा हो। अथवा ज्ञानमार्गभित्रै नै त्यसको अन्तर्भाव हुन्छ। गीतामा

"साङ्ख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः" ।५।४
"एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति" ।५।५

यसरी साङ्ख्य अर्थात् ज्ञानमार्ग र योगमार्गलाई एउटै मानिएको छ। भागवतमा पनि-

"ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित" ३।२०।६

यस पद्यको व्याख्यामा अन्वितार्थ प्रकाशिकाकारले "तपोष्टाङ्ग-योगादेर्यथासंभवं ज्ञान भक्त्योरेवान्तर्भावः" तपस्या एवं अष्टाङ्गयोगको यथासंभव ज्ञान र भक्तिमा नै अन्तर्भाव हुन्छ भनेका छन्। पुनश्च भागवतमा भगवान्ले उद्धवलाई भक्ति, ज्ञान र कर्म तीनमार्गको विस्तृत विवरण गरिसकेपछि भन्नुहुन्छ-

य एतान् मत्पथो हित्त्वा भक्तिज्ञानक्रियात्मकान् ।
क्षुद्रान् कामाँश्चलैः प्राणैर्जुषन्तः संसरन्ति ते ।३।२१।१

मैले भनिएका तीनमार्ग भक्ति ज्ञान र कर्मलाई छोडेर जो व्यक्ति क्षुद्र विषयभोगमा लाग्दछन् ती पुनः संसारमा पर्दछन्। यसरी तीनमार्ग नै भगवान्वाट निर्दिष्ट छन्।

श्रीमद् भगवद्गीता अठार अध्यायमा पनि कर्म ज्ञान र भक्ति तीनवटा मार्ग नै ६, ६, ६, तीनषट्कमा सविस्तार वर्णन गरिएका छन्। अतः कर्ममार्ग, ज्ञानमार्ग, भक्तिमार्ग यी तीनवटा मार्ग नै सर्वसम्मत आध्यात्मिक मार्ग हुन्। त्यसैले यस सूत्रमा थोरै अन्तरलाई स्वीकार गरेर ज्ञान र योगलाई अलग माने पनि वास्तवमा योग ज्ञानभित्र नै समाहित हुन्छ र अलग मार्ग हैन।

२६. फलरूपत्वात् ।।

किन कि भक्ति फलस्वरूप छ । भक्तिमा अपूर्व सुखरूप फलको प्राप्ति हुन्छ । अतः सरस छ सरल पनि छ । कर्मयोगमा नैराश्य र ज्ञानयोगमा मनन प्रयासको आधिक्य हुनाले सरलता एवं सरसता देखिदैन ॥२६॥

२७. ईश्वरस्याप्यभिमानद्वेषित्वाद् दैन्यप्रियत्वाच्च ।।

ईश्वरको पनि अभिमानसँग द्वेषभाव र दैन्यसँग प्रियभाव छ । अर्थात् ईश्वर अभिमानीका प्यारा छैनन् । दैन्यभाव लिएर शरणमा आउने भक्तका प्यारा छन् । कर्मयोगमा आफ्नै प्रयासद्वारा कर्तव्यबुद्धिले गरिने समस्त कर्ममा अनासक्ति ल्याउनुपर्ने हुनाले मेरै प्रयास र विवेकद्वारा आसक्तिको परित्याग गर्न सकँ भन्ने अभिमान कर्तामा रहन्छ । ज्ञानयोगमा पनि आफ्नै पुरुषार्थद्वारा इन्द्रिय मन एवं बुद्धिका व्यापारहरूको निरोध गर्नुपर्नु हुनाले, मैले यसरी दुष्कर साधनाको अभ्यासद्वारा इन्द्रिय आदि जित्न सकँ भन्ने अभिमान कर्तामा रहन्छ त्यो ईश्वरलाई प्रिय लाग्दैन । तर भक्तियोगमा सेव्य-सेवकभाव अपनाएर आफ्ना समस्त कृत्य सेव्य ईश्वरमा समर्पण गरी भगवान्सँग– "हे भगवान् म अज्ञानी छु, केही जान्दिनँ, तपाइँ नै मेरो शरण, तपाइँकै आश्रयमा छु" भनेर दीनता प्रकट गर्दै प्रार्थना गरिन्छ । यो दैन्यभाव ईश्वरलाई प्यारो लाग्छ भन्ने तात्पर्य हो ॥२६॥

त्यसैले भगवान् भन्नुहुन्छ-

"सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः"

श्रीमद्भगवद्गीता १८।६६

२८. तस्या ज्ञानमेव साधनमित्येके ।।

भक्तिको साधन ज्ञान हो भन्ने कुनै आचार्यहरूको मत छ ॥२७॥

२८. अन्योऽन्याश्रयमित्येके ।।

कुनै आचार्यहरू भक्ति र ज्ञानको अन्योन्यश्रय सम्वन्ध छ भन्छन्, अर्थात् भक्तिमा ज्ञान आश्रित छ, ज्ञानमा भक्ति आश्रित छ। अथवा भक्त ज्ञानी हुन्छन् र ज्ञानीहरू पनि अवश्य भक्त हुन्छन् नै भन्ने उनीहरूको अभिप्राय हो ॥२८॥

३०. स्वयं फलरूपेति ब्रह्मकुमाराः ।।

व्रह्मकुमार अर्थात् सनकादि चार महात्मा र नारदका मतमा भक्ति स्वयं फलरूपा मानिन्छ। यसको कारण उदाहरण सहित अनन्तर दुई सूत्रमा विवरण गरिएको छ ॥३०॥

३१. राजगृहभोजनादिषु तथैव दृष्टत्वात् ।।

राजा, राजगृह, भोजन आदिमा यस्तै देखिने हुनाले ।

जस्तो राजा, राजगृह, भोजन आदि यस्तो छ भन्ने जानेर मात्र केही लाभ हुँदैन। त्यस्तै ज्ञानले ईश्वर यस्तो छ भन्ने जानेर मात्र के होला खै ? यही कुरा तल्लो सूत्रमा प्रष्ट गर्दै भनिएको छ ॥३१॥

३२. न तेन राजपरितोषः क्षुधाशान्तिर्वा ।।

राजा अत्यन्त महान् छन्, राजाको महल भव्य छ, राजगृहको भोजन अत्यन्त स्वादिष्ट र तृप्तिदायक हुन्छ, भन्ने थाहा पाएर मात्र राजालाई परितोष हुँदैन, आफ्नो क्षुधाशान्ति आदि पनि हुँदैन। तर राजासँग भेटघाट गर्नु, वातचित गर्नु, राजगृहमा वस्नु र राजगृहमा भोजन गर्नु आदि विश्वस्त व्यवहारवाट राजालाई परितोष हुन्छ भने दर्शन गर्ने व्यक्तिलाई पनि राजासँगको भेटघाट वार्तालाप आदिवाट परितोष हुन्छ। राजमहलमा वस्दा थकाइको निवृत्तिपूर्वक आनन्द हुन्छ। भोजनवाट क्षुधाशान्ति हुन्छ। दुवैमा आत्मीयताजन्य हर्ष पनि हुन्छ।

त्यस्तै फलाकाङ्क्षा रहित नीरस कर्मयोग र श्रवण मनन सदसद्विवेक आदि प्रयाससाध्य ज्ञानयोगमा भन्दा स्वस्वामिभावसम्बन्धले अभिप्रेरित भक्तिमा आनन्दको आधिक्य हुनु स्वाभाविक छ। यो यस सूत्रको भावार्थ हो। यहाँ राजन् शब्द भगवान्मा लक्षित छ।

३३. **तस्मात् सैव ग्राह्या मुमुक्षुभिः ।।**
त्यसकारण मुमुक्षु (संसारबन्धनबाट मुक्त हुन चाहने व्यक्ति) ले भक्तिमार्गलाई नै ग्रहण गर्नुपर्दछ ॥३३॥

३४. **तस्याः साधनानि गायन्त्याचार्याः ।।**
आचार्यहरू भक्तिका साधनहरू यसरी (तल उल्लेख भए अनुसार) बताउँछन् ॥३४॥

३५. **तत्तु विषयत्यागात् सङ्गत्यागाच्च ।।**
त्यो भक्तिको साधन विषयको त्याग र सङ्ग (आसक्ति) को त्यागबाट सम्पन्न हुन्छ ॥३५॥

३६. **अव्यावृतभजनात् ।।**
अखण्ड भजनबाट पनि भक्तिको साधन सम्पन्न हुन्छ ॥३६॥

३७. **लोकेऽपि भगवद्गुणश्रवणकीर्तनात् ।।३७।।**
जनसमूहमा भगवान्का गुणहरूको श्रवण, कीर्तनबाट पनि भक्तिको साधन सम्पन्न हुन्छ ॥३७॥

३८. **मुख्यतस्तु महत्कृपयैव भगवत्कृपालेशाद् वा ।।**
मुख्यतः भक्तिको साधन महात्माहरूको कृपाले नै हुन्छ। अथवा भगवान्का कृपाको लेशमात्र भए पनि सम्पन्न हुन्छ ॥३८॥

३८. महत्सङ्गस्तु दुर्लभोऽगम्योऽमोघश्च

महात्माहरूको सङ्ग दुर्लभ छ । बुझि नसक्नु छ । अमोघ (कदापि व्यर्थ नहुने) पनि छ ॥३९॥

४०. लभ्यतेऽपि तत्कृपयैव ।।

महात्माहरूको सङ्ग पनि भगवान्कै कृपाले पाइन्छ ॥४०॥

४१. तस्मिँस्तज्जने च भेदाभावात् ।।

किनकि भगवान् र भगवान्का भक्त अर्थात् महात्माहरूमा भिन्नता छैन अर्थात् महात्माहरू पनि भगवान् नै हुन् ॥४१॥

४२. तत्तदेव साध्यताम् तदेव साध्यताम् ।।

त्यसकारण सत्सङ्गकै साधना गर्नुहोस् । सत्सङ्गकै साधना गर्नुहोस् ॥४२॥

४३. दुःसङ्गः सर्वथैव त्याज्यः ।।

दुस्सङ्ग (दुष्टहरूको सङ्ग या कुसङ्ग) त अवश्य त्याग्नु पर्छ ॥४३॥

४४. कामक्रोधस्मृतिभ्रंशबुद्धिनाशसर्वनाशकारणत्वात् ।।

किन कि त्यो दुर्जन सङ्गति त काम, क्रोध, मोह, स्मृतिभ्रंश वुद्धिनाश, एवं सर्वनाशको कारण हो ॥४४॥

यही कुरा श्रीमद्भगवद्गीतामा पनि भनिएको छ-

सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ।।
क्रोधाद् भवति सम्मोहः संमोहात् स्मृतिविभ्रमः ।।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति ।। २।६२-६३

यहाँ सङ्गशब्दले कुसङ्गलाई नै लिइएको हो भन्ने कुरा स्पष्ट छ ।

तत्वदर्शी महात्माहरूको सङ्गति अर्थात् सत्सङ्गको त प्रशंसा गर्दै भगवान्ले अर्जुनलाई भन्नुभएको छ-

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ।।

श्रीमद्भगवद्गीता ४।३४

त्यो कुरा जान कि हे अर्जुन ! ती ज्ञानी तत्वदर्शी महात्माका पाउमा परेर सोधपूछ गर्नाले सेवा टहल गर्नाले उनीहरुले तिमीलाई ज्ञानको उपदेश गर्नेछन् ।

४५. तरङ्गायिता अपीमे सङ्गात् समुद्रायन्ति ।।

यी काम क्रोध आदि पहिले जलको तरङ्ग जस्तै सानो आकारमा हुन्छन् दुःसङ्गको प्रभावले यिनीहरु विशाल समुद्रको रूपमा परिणत हुन्छन् यहाँ पनि सूत्रमा आएको सङ्गशब्द दुःसङ्गको वाचक हो ॥४५॥

४६. कस्तरति कस्तरति मायाम् ? यः सङ्गाँस्त्यजति यो महानुभावं सेवते निर्ममो भवति ।।

प्रश्न-को तर्छ ? को तर्छ ? मायाको सागर ? (असत्यको सागर, अविद्याको सागर, अथवा मायाको विक्षेप शक्तिबाट उत्पन्न भएको जादूको छल जस्तो संसारको सागर ?) उत्तर-जो सम्पूर्ण आसक्ति परित्याग गर्छ, कुसङ्ग त्याग गर्छ, महानुभावको सेवा गर्छ, जो ममतारहित हुन्छ ॥४६॥

४७. यो विविक्तिं स्थानं सेवते, लोकबन्धमुन्मूलयति, निस्त्रैगुण्यो भवति, योगक्षेमं त्यजति ।।

जो एकान्तस्थानमा बस्छ, जो लौकिक बन्धनहरु तोड्छ, जो तीन गुणबाट पर हुन्छ, जो योग र क्षेमलाई परित्याग गर्दछ ॥४७॥

"अलब्धस्य लब्धियोगः लब्धस्य रक्षणं क्षेमः" आफूसँग नभएको कुरा पाउनु योग हो। पाइएका वस्तुको रक्षा गर्नु क्षेम हो। यहाँ योगक्षेम परित्याग भन्नाले नपाइएका वस्तु पाउन इच्छा नगर्नु र पाइएका वस्तुको रक्षणमा आसक्त नहुनु भन्ने बुझिन्छ।

४८. यः कर्मफलं त्यजति, कर्माणि संन्यस्यति ततो निर्द्वन्द्वो भवति ।

जो कर्मफल त्याग गर्दछ, जो कर्महरूको संन्यास गर्छ, अनि त्यो निर्द्वन्द्व अखण्ड एकाकार बन्दछ, अथवा शीत-उष्ण, सुख-दुख आदि सबै सहनसक्ने हुन्छ। ॥४८॥

यही कुरालाई स्पष्ट गर्दै गीतामा कृष्णजी अर्जुनसँग भन्नुहुन्छ-

काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ।।१८।२।।
यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ।।१८।५।।
एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ।।१८।६।।
नहि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ।।१८।११।।

१. काम्यकर्महरूको न्यास (त्याग) लाई कुशल विद्वान्हरू संन्यास भन्छन् सम्पूर्ण कर्मफलको त्यागलाई त्याग भन्दछन् ॥१८।२

२. यज्ञ, दान, तप यी कर्म त्याग्न हुँदैन गर्नु नै पर्दछ, किन कि यज्ञ, दान, तपले मानिसलाई पवित्र बनाउँछन्।

३. यी यज्ञ, दान र तपस्या पनि आसक्तिरहित भएर फलत्यागपूर्वक गर्नुपर्दछ भन्ने मेरो निश्चय छ, यही उत्तम मत हो ।

४. शरीरधारी भएपछि संपूर्ण रूपमा कर्महरू त्याग गर्न सकिदैन । जसले कर्मको फल त्याग गर्दछ, त्यसैलाई त्यागी भनिन्छ ।

४८. वेदानपि सन्न्यस्यति केवलमविच्छिन्नमनुरागं लभते ।

वेदविहित कर्महरूको फलमा पनि सन्यास (आसक्ति को त्याग गर्दछ । केवल भगवान्मा अविच्छिन्न प्रेम प्राप्त गर्दछ ॥४९॥

५०. स तरति, स तरति स लोकाँस्तारयति ।।

ऊ तर्छ, ऊ तर्छ (अवश्य तर्छ) लोकहरुलाई पनि तार्छ ॥५०॥

५१. अनिर्वचनीयं प्रेमस्वरूपम् ।।

प्रेमको स्वरूप अनिर्वचनीय छ । यस्तै छ भनेर वचनले प्रतिपादन गर्न सकिन्न ।

५२. मूकास्वादनवत् ।।

प्रेमको स्वरूप कस्तो छ ? यस प्रश्नको उत्तरमा भनिन्छ-प्रेमको स्वरूप लाटोले स्वाद पाए जस्तो छ । जस्तो लाटो मानिस कुनै भोज्य वस्तुको स्वाद पाउँदा प्रसन्न हुन्छ तर त्यो वस्तुको स्वाद यस्तो छ भन्न सक्दैन ॥५२॥

५३. प्रकाशते क्वापि पात्रे ।

कुनै विरल योग्य पात्रमा मात्र यो प्रेमरूपा भक्ति प्रकट हुन्छ ॥५३॥

५४. गुणरहितं कामनारहितं प्रतिक्षणवर्धमानमविच्छिन्नं सूक्ष्मतर-मनुभवरूपम् ।।

यो माथि वताइएको प्रेम निर्गुण भक्ति हो । अतः गुणरहित छ, कामनारहित छ, प्रतिक्षण वढ्छ, विच्छेदरहित छ, अतिसूक्ष्म छ, अनुभवरूप छ ॥५४॥

५५. तत्प्राप्य तदेवावलोकयति, तदेव भाषयति तदेव चिन्तयति ।।

त्यो प्रेम पाएपछि भक्तले सर्वत्र त्यही प्रेम देख्छ, त्यही प्रेमलाई सुन्छ, त्यही प्रेमको वर्णन गर्छ, त्यही प्रेमको चिन्तन गर्छ ॥५५॥

५६. गौणी त्रिधा गुणभेदादार्तादिभेदाद्वा ।।

गौणी भक्ति त गुणभेदले सात्विकी राजसी तामसी र आर्त आदि भेदले आर्त, जिज्ञासु, अर्थार्थी भक्तहरुको भावनाका भेदले तीन प्रकारको हुन्छ ॥ गुणका भेदले हुने त्रिविध सगुणभक्ति एवं निर्गुण भक्तिको विवरण श्रीमद्भागवत तृतीयस्कन्धको २९औं आध्यायमा कपिलदेव भगवान्ले आफ्नी आमा देवहूतिलाई यसरी गर्नुभएको छ-

अभिसन्धाय यो हिंसा दम्भं मात्सर्यमेव वा ।।
संरम्भी भिन्नदृग्भावं मयि कुर्यात्स तामसः ।।८।।
विषयानभिसन्धाय यश ऐश्वर्यमेव वा ।।
अर्चादावर्चयेद्यो मां पृथग्भावः स राजसः ।।९।।
कर्मनिर्हारमुद्दिश्य परस्मिन् वा तदर्पणम् ।।
यजेद्यष्टव्यमिति वा पृथग्भावः स सात्विकः ।।१०।।
मद्गुणश्रुतिमात्रेण मयि सर्वगुहाशये ।
मनोगतिरविच्छिन्ना यथा गङ्गाम्भसोऽम्बुधौ ।।११।।
लक्षणं भक्तियोगस्य निर्गुणस्य ह्युदाहृतम् ।।१२।।
अहैतुक्यव्यवहिता या भक्तिः पुरुषोत्तमे ३।२९।८–१२

१. ममा भेद दृष्टि राखेर जसले हिंसा, दम्भ, मात्सर्य एवं क्रोधले युक्त भएर भक्ति गर्छ, त्यसको त्यो भाव (भक्ति) तामस हो ।

२. ममा भेददृष्टि भएको जसले विषयमा आसक्त भएर प्रतिमा मूर्ति आदिमा पूजा गर्छ, त्यसको त्यो भाव (भक्ति) राजस हो ।

३. जसले कर्मफलको आशा राख्दैन अथवा परमात्मामा कर्मफलको अर्पण गर्छ कर्तव्य भावनाद्वारा अभिप्रेरित भएर पूजा गर्छ, भक्ति गर्छ भिन्न दृष्टि भए पनि त्यस्ता भक्तमा हुने भाव (भक्ति) सात्विक हो ।

४. मेरो गुण सुन्दासाथ सबै प्राणीको घटाकाशमा (हृदयाकाशमा) रहने ममा, समुद्रमा नदीको प्रवाह झैं अविच्छिन्न रूपमा मनको गति जसको हुन्छ, त्यो निगुर्ण भक्त हो र त्यसको भक्ति निर्गुण हो । जो कुनै भौतिक सुखप्राप्तिका लागि न हुनाले अहैतुकी भनिन्छ । त्यो भक्ति व्यवधानरहित हुन्छ । भक्तको सिधै भगवान्सँग सम्बन्ध हुन्छ । बीचमा कुनै कामनाको व्यवधान रहँदैन ।

आर्त आदि भक्तहरुको भेद श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई बताउनुभएको छ-

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।
तेषां ज्ञानी नित्ययुक्त एंकभक्तिर्विशिष्यते ।।

श्रीमद्भगवद्गीता ॥७॥ १६-१७

हे अर्जुन चार प्रकारका भक्तहरुले मेरो भक्ति गर्छन्- ती हुन् आर्त, जिज्ञासु, अर्थार्थी र ज्ञानी । ती मध्येमा ज्ञानी नित्ययुक्त र अनन्यभक्त हुने हुनाले सबै भक्तमा श्रेष्ठ छ । यहाँ नित्ययुक्त र अनन्यभक्त भनेर, संक्षिप्तरूपमा ज्ञानीभक्त अर्थात् निर्गुण भक्ति गर्ने भक्तको लक्षण बताइएको छ भने अरूको लक्षण बताइएको छैन ।

किनकि तिनीहरूको लक्षण नामवाट नै अवगत हुन्छ । जस्तै आर्तभक्त आध्यात्मिक, आधिदैविक, आधिभौतिक, कुनै दुःख (आर्ति)ले पीडित भएर, संकटमा परेर भगवान् प्रार्थना गर्ने द्रौपदी, गजेन्द्र आदि हुन् । जिज्ञासु भक्त तत्व जिज्ञासाको उत्सुकता भएर भक्ति गर्ने उद्धव मैत्रेय आदि हुन् । अर्थार्थी भक्त धनसम्पत्ति राज्य आदिको इच्छाले भक्ति गर्ने विभीषण ध्रुव आदि हुन् र ज्ञानी भक्त ज्ञान प्राप्त भैसकेपछि भक्ति गर्ने नारद शुक सनक आदि हुन् । प्रस्तुत 'गौणी त्रिधा गुणभेदादार्तादि-भेदाद्वा' सूत्रमा गुणभेदले र आर्तादि भेदले विभाग गर्दा तीन तीन प्रकारको मानिएको छ । निर्गुण भक्त अथवा ज्ञानी भक्त सर्वश्रेष्ठ भक्त हुन् भन्ने कुरा 'गुणरहितं कामनारहितं प्रतिक्षणवर्धमानम्' इत्यादि ५४ औं सूचमा वताइएको हुनाले स्पष्ट छ । अर्को कुरा गौणी भक्तिको विभाग गर्ने क्रम यहाँ पछिल्लो सूत्र (५७) मा 'उत्तरस्मादुत्तरस्मात्'को अभिप्रायानुसार सात्विक राजस तामस यसरी छ भने, भागवतमा तामस राजस सात्विक यो क्रम छ । प्रस्तुत ५६ औं सूत्रमा स्पष्टरूपमा सत्वादिगुण भेदात्, यसरी लेखेको भएं वुझ्न सजिलो हुन्थ्यो ॥५६॥

५७. उत्तरस्मादुत्तरस्मात् पूर्वा पूर्वा श्रेयसी भवति ।।

यी भक्तिहरूमा पछिल्लो पछिल्लो भक्तिभन्दा अघिल्लो अघिल्लो भक्ति श्रेष्ठ हुन्छ । जस्तैः- तामसभन्दा राजस र राजसभन्दा सात्विक, अर्थार्थी भक्तको भक्तिभन्दा जिज्ञासुभक्तको भक्ति त्यसभन्दा पनि आर्तभक्तको भक्ति श्रेष्ठ हुन्छ ।

यहाँ यौटा शङ्का हुन्छ-अर्थार्थी भक्तभन्दा जिज्ञासु भक्त श्रेष्ठ छ ठीकै हो, तर जिज्ञासु भक्तभन्दा आर्तभक्त कसरी श्रेष्ठ भयो ? उत्तर-संवेदनाको तारतम्यले यहाँ अर्थार्थी एवं जिज्ञासुभन्दा आर्तभक्तलाई यसरी श्रेष्ठ मानिएको छ । अर्थार्थी भक्त यथाकथचित् आफ्नो योगक्षेम चलिरहेकै भए

पनि उत्कृष्ट अभिलाषाको पूर्तिका निमित्त अधिक ऐश्वर्य माग्दछ । अतः त्यो प्रार्थनामा संवेदनाको तीव्रता हुँदैन । जिज्ञासु ज्ञानप्राप्तिको इच्छाले भगवान्को भक्ति गर्दछ । साथै ज्ञानका साधन-श्रवण, मनन, निदिध्यास आदिमा प्रयत्न पनि गर्दछ । एक दिन भगवान्का कृपाले ज्ञानप्राप्ति होला नि ! भन्ने भावना उसका मनमा हुने हुनाले त्यसको संवेदनामा पनि तीवता हुँदैन । पुनश्च अर्थार्थीभक्तमा विषय सुखलिप्सा हुन्छ, तर जिज्ञासु भक्तमा विषयसुख आपाततः रमणीय भए पनि त्यसको परिणाम तीतो हुन्छ भन्ने विचारको उदय भैसकेको हुन्छ । अतः अर्थार्थी भक्तभन्दा जिज्ञासु भक्त भावनाद्वारा नै उच्चकोटिको सिद्ध हुन्छ । किन्तु आर्तभक्तको स्थिति यी दुवैको भन्दा भिन्नै प्रकारको हुन्छ । आर्तभक्त तत्काल अतिकठिन सङ्कटको भुमरीमा फसेको हुन्छ । तुरुन्त त्यो सङ्कटको निवारण नहुने हो भने उसको ऐहिक जीवनको अवसान नै हुन्छ, या त उसको मान प्रतिष्ठा (इज्जत) समाप्त भएर मृतवत् वन्दछ । त्यस्तो भयावह परिस्थिति जन्य आर्ति (पीडा)को अभिमुख भएको हुनाले उसको मानसिक संवेदनामा अत्यन्त तीवता हुन्छ । त्यही संवेदनाको तीवताले उसका मनमा सहसा भगवान्का गुण र महिमाको स्मरण गराउँछ । अनि ऊ सबै कुरा छोडेर निरतिशयशक्तिमान् परमैश्वर्यसम्पन्न करुणावरुणालय भगवान्मा सर्वात्मभावले समर्पित बनी शरणागत वन्दछ । अत्यन्त श्रद्धा र विश्वासपूर्वक भगवान्को पुकारा गर्दछ । अनि उसको हृदयको अन्तस्तलवाट निस्केको त्यो करुणाक्रन्दनको आर्तनाद विजुलीको वेगभन्दा पनि छिटो भगवान्कहाँ पुग्दछ । तब भगवान् प्रत्यक्षरूपमा प्रकट भएर अथवा आश्चर्यमय कार्यको रूपमा प्रकट भएर तत्काल उसको सङ्कट निवारण गर्नुहुन्छ । जस्तो गजेन्द्रलाई प्रत्यक्ष प्रकट भएर र द्रौपदीलाई वस्त्रअवतार धारण गरेर सङ्कट निवारण गर्नुभयो । यस्ता उदाहरण धेरै छन् । अतः आर्तभक्त आफूमा रहेको आर्ति(पीडा)जन्य तीव्र संवेदनाद्वारा भगवान्लाई

शीघ्र आकर्षण गर्ने क्षमता भएकोले सर्वश्रेष्ठ मानिएको हो । यदि अर्थार्थी र जिज्ञासुभक्त पनि परिस्थितिवश अर्थाभावजन्य, एवं जिज्ञासाजन्य तीवसंवेदनामा पुग्छन् भने आर्त नै हुन्छन् र शीघ्र दर्शन पाउन सक्छन् भन्ने सूत्रकारहरुको अभिप्राय हो । पातञ्जलयोगदर्शनमा योगसिद्धिका निमित्त पनि तीव्रसंवेदनाको आवश्यकता मानिएको छ ("तीव्रसंवेगानामासन्नः" पा. यो. द. १।२१) त्यस्तै यहाँ भक्ति पनि तीव्र संवेदना भएमा छिटो सिद्ध हुन्छ भने अनुभवलाई आत्मसात् गरेर आर्तभक्तलाई पहिलो स्थान दिइएको हो । गीतोक्त आर्तो जिज्ञासुरर्थार्थी यो श्लोकको व्याख्या गर्ने प्रसङ्गमा स्वामी मधुसूदनसरस्वतीले आर्त र अर्थार्थीको माझमा जिज्ञासुलाई राख्नुको तात्पर्य यसरी खुलाउनुभएको छ–

"तत्र जिज्ञासुर्ज्ञानोत्पत्त्या साक्षादेव मायां तरति । आर्तोऽर्थार्थी च जिज्ञासुत्वं प्राप्येति विशेषः । आर्तस्यार्थार्थिनश्च जिज्ञासुत्वसंभवाज्जिज्ञासोश्चार्तत्वज्ञानोपकरणार्थित्वसंभवा-दुभयोर्मध्ये जिज्ञासुरूद्दिष्टः" इति ।।५७।।

५८. अन्यस्मात्सौलभ्यं भक्तौ ।

अन्यकर्महरूमा भन्दा भक्तिमा सुलभता छ । अर्थात् ज्ञान योग र कर्मयोगभन्दा भक्तियोगद्वारा भगवत्प्राप्ति सुलभ छ ॥५८॥

५९. प्रमाणान्तरानपेक्षत्वात् ।।

भक्ति स्वयं प्रमाणरूप छ । भक्तिलाई अरु प्रमाणको आवश्यकता छैन ॥५९॥

६०. शान्तिरूपत्वात् परमानन्दरूपत्वाच्च ।।

भक्ति शान्तिरूप हुनाले र परमानन्दरूप हुनाले पनि श्रेष्ठ छ ।

६१. लोकहानौ चिन्ता न कार्या निवेदितात्मलोकवेदत्वात् ।।

भक्तले लौकिक आचारको हानि भयो भन्ने चिन्ता गर्नुहुँदैन । किन कि यसले आफूसमेत लौकिक कर्म वैदिक कर्म सबै भगवान्मा अर्पण गरिसकेको हुन्छ र भक्तिमार्गमा लागेको हुन्छ ।

६२. न तदसिद्धौ लोकव्यवहारो हेयः, किन्तु फलत्यागस्तत्साधनं च कार्यमेव ।।

जहाँसम्म भक्तिको सिद्धि मिल्दैन, त्यहाँसम्म लोकव्यवहारको त्याग गर्नु हुँदैन, किन्तु कर्मको फलत्याग गर्नुपर्छ अर्थात् निष्काम भावले भक्तिको साधनको रूपमा कर्म गर्नुपर्छ ॥६३॥

६३. स्त्रीधननास्तिकवैरिचरित्रं न श्रवणीयम् ।।

स्त्रीको चरित्र, धनको कुरा, नास्तिकको चरित्र र शत्रुको चरित्र नसुन्नू ॥६३॥

६४. अभिमानदम्भादिकं त्याज्यम् ।।

अभिमान दम्भ आदि छोड्नुपर्छ । अभिमान भनेका अहङ्कार हो । दम्भ भनेको लोकलाई ठग्न (देखाउन) गरिने कर्मको अनुष्ठान हो ('लोकवञ्चनाय विहितर्मानुष्ठानं दम्भः' इति शिष्टाः) ॥६४॥

६५. तदर्पिताखिलाचारेण सता कामक्रोधाभिमानादिकं तस्मिन्नेव करणीयम् ।।

सम्पूर्ण आचार भगवान्मा अर्पण गरिसकेको हुनाले काम क्रोध अभिमान आदि पनि भगवान्मा नै गर्नु ॥ यहाँ भगवान्मा नै काम, क्रोध, अभिमान आदि गर्नेकुरा यसरी स्पष्ट गर्न सकिन्छ । ॥६५॥

जस्तै–

काम भनेको इच्छा हो। भगवान्को दर्शनमा अत्युत्कट इच्छा राख्नाले भगवान्मा काम समर्पित हुन्छ। क्रोध रीस हो– त्यसवाट परुषवाणी आदि हुन्छन् त्यसलाई पनि भगवान्मा समर्पण गर्ने उपाय जस्तै– 'मैले यति उत्कृष्ट भक्ति गर्दा पनि तिमीले मलाई दर्शन न दिने कस्तो निठुरी तिमी !' इत्यादि भनाईवाट क्रोध पनि भगवान्मा नै समर्पित हुन्छ। अभिमान भनेको अहंकार हो। त्यसवाट घमण्डका कुरा हुन्छन्। त्यसलाई भगवान्मा समर्पण गर्न जस्तै– 'तिमी जति गर्दा पनि दर्शन नदिने हठ गरेर वसेका छौ। तर म तिम्रो उत्कट भक्ति गरेर तिमीले मलाई दर्शन नदिई नहुने र तिमी मेरो समीपमा आउनै पर्ने परिस्थिति वनाएरै छोड्छु। तिमी भन्दा म पनि कम हठी छैन वुझ्यौ !' यसरी भगवान्प्रति घमण्ड गर्नाले त्यो अहंकार पनि भगवान्मै समर्पित भएर सार्थक हुन्छ। यसको उदाहरण यो कथा प्रस्तुत गर्न सकिन्छ–

महाभारतको लडाइँमा कृष्णले कहिल्यै हातमा हतियार नलिने र केवल अर्जुनको सारथि मात्र भएर रहने प्रतिज्ञा दुर्योधनसँग गर्नु भएको थियो। त्यो कुरा थाहा पाएर भीष्मले कृष्णसँग भनेका थिए– "म यस लडाइँमा तपाईंको प्रतिपक्षतर्फवाट लड्दैछु। प्रतिज्ञा भङ्ग गराएरै छाड्ने छु। यो मेरो पनि प्रतिज्ञा हो।" यो कुरा लडाइँ शुरू हुनु भन्दा केही पहिले भएको थियो। लडाइँ शुरू भएपछि एक दिन जव भीष्मको र अर्जुनको भयङ्कर युद्ध हुँदै थियो। अर्जुनलाई भीष्मले यसरी वाणवर्षा गरेर प्रतीकार गर्न असमर्थ, व्याकुल, किंकर्तव्यविमूढ वनाए। अव कृष्णलाई सहिनसक्नु भयो र उहाँले हातमा रथको पाङ्ग्रो लिएर भीष्मलाई मार्ने अभिनय गर्दै जाइलाग्नु भयो। तव भीष्मले धनुवाण रथमा थपक्क राखेर हात जोड्दै भने– 'भगवान् मेरो प्रतिज्ञा पूरा भयो। अव मलाई मारे मार्नुहोस्'। त्यस पछि कृष्ण रथको पाङ्ग्रो फ्याँकेर त्यहावाट फर्कनु भएको थियो। यहाँ कृष्णभक्त भीष्मले कृष्णसँग नै अहंकार गरेका छन्।

वस्तुतस्तु यो भक्त र भगवान्को प्रणयकलह लीला हो । भक्त भीष्मले कृष्णको प्रतिज्ञा भङ्ग गराउने प्रतिज्ञा गर्नु र कृष्णले आफ्नो प्रतिज्ञा भङ्ग गरेर पनि भीष्मको प्रतिज्ञा पूरा गरिदिनु भगवान्को भक्तवत्सलता हो । यही कुरा भागवतमा निम्न पद्यमा वर्णन गरिएको छ–

"स्वनिगममपहाय मत्प्रतिज्ञामृतमधिकर्तुमवप्लुतो रथस्थः ।
धृतरथचरणोऽभ्ययाच्चलद्गुर्हरिरिव हन्तुमिभं गतोत्तरीयः ।।

भागवत १।९।३७

६६. त्रिरूपभङ्गपूर्वकं नित्यदासनित्यकान्ताभावात्मकं वा प्रेमैव कार्यम् प्रेमैव कार्यम् ।।

तीन रूप-(सेव्य, सेवक सेवा भाव) भङ्ग गरेर नित्य दास भक्ति या नित्य कान्ताभक्तिले प्रेम नै गर्नू प्रेम नै गर्नू ॥६६॥

यस नारद भक्तिसूत्रमा भक्तिको प्रकार विवरण गर्ने प्रसङ्गमा ८२ औं सूत्रमा एकादशधा भक्तिको विवरण गरिए पनि ती मध्ये दास्य भक्ति र कान्ताभक्तिलाई प्रधानता दिएको कुरा यस सूत्रवाट अवगत हुन्छ । वैष्णवशास्त्रोक्त पञ्चधा भक्तिमा पनि कान्ताभक्तिलाई नै प्रधान मानेको छ । त्यसको विवरण ८२ औं सूत्रको व्याख्याप्रसङ्गमा गरिने छ ।

६७. भक्ता एकान्तिनो मुख्या ः।।

एकान्ती भक्त अर्थात् अनन्यभक्त श्रेष्ठ छन् । अनन्यभक्ति गर्नेलाई अनन्यभक्त भनिन्छ । अनन्यभक्ति भनेको अरु कुनै देवताको भक्ति नगरीकन यौटै देवतामा भक्ति गर्नुहो ॥६७॥

६८. कण्ठावरोधरोमाञ्चाश्रुभिः परस्परं लपमानाः पावयन्ति कुलानि पृथिवीं च ।।

यस्ता अनन्य भक्तहरू कण्ठावरोध (गद्‌गद् कण्ठ) रोमाञ्च अश्रुपातका साथै परस्पर संभाषण गर्दै कुल एवं पृथिवीलाई पवित्र गराउँछन् ॥६९॥

"वाग् गद्‌गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च ।
विलज्ज उद्‌गायति नौति नृत्यति मद्‌भक्तियुक्तो भुवनं पुनाति ।।
श्रीमद्‌भागवत् ११।१४।२४

६८. तीर्थीकुर्वन्ति तीर्थानि सुकर्मीकुर्वन्ति कर्माणि सच्छास्त्रीकुर्वन्ति शास्त्राणि ।।

यी भक्तहरु तीर्थहरुलाई आफ्नो सङ्गद्वारा सुतीर्थ बनाउँछन् अर्थात् पवित्र गराउँछन् । कर्महरुलाई सुकर्म बनाउँछन् शास्त्रहरुलाई सत् शास्त्र बनाउँछन् ॥६९॥

प्रायेण तीर्थाभिगमापदेशैः स्वयं हि तीर्थानि पुनन्ति सन्तः ।।
श्रमिद्‌भागवत १।१९।८

७०. तन्मयाः

उनीहरु भगवान्‌मय हुन्छन् ॥७०॥

७१. मोदन्ते पितरो नृत्यन्ति देवाः सनाथा चेयं भूर्भवति ।।

यिनीहरुलाई देखेर पितृ खुशी हुन्छन् देवताहरु आनन्दले नाच्छन्, यी पृथिवी सनाथ हुन्छिन् ॥ ७१ ॥ यही कुरा स्मरण गराउने एक पद्य छ-

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन ।।
स्वर्गेऽपि तेषां पितरश्च तृप्ता येषां कुले वैष्णवनामधेयम् ।।

७२. नास्ति तेषु जातिविद्यारूपकुलधनादिभेदः ।।

ती भक्तहरुमा जाति, विद्या, रूप, कुल, धन, आदिको भेद छैन ॥

७३. यतस्तदीयाः ।।

किन कि सवै भक्तहरु भगवान् कै हुन् ॥७३॥

७४. वादो नावलम्ब्यः ।।

भक्तले वादविवाद गर्नु उचित छैन ॥७४॥

७५. बाहुल्यावकाशादनियतत्वाच्च ।।

वादविवादमा वाहुल्यको अवकाश हुन्छ, अर्थात्, वादविवादमा आफ-आफ्नो सोचाईअनुसार धेरै कुरा हुन्छन्, त्यो अनियत पनि हुन्छ, अर्थात् त्यहाँ यही निश्चित कुरा हो भनेर ठोकुवा गर्न सकिने पनि हुँदैन, त्यसैले वादविवादमा लाग्दा व्यर्थमा समय खेर जान्छ ।

वेदवादरतो न स्यान्न पाखण्डी नहैतुकः ।
शुष्कवादविवादे च न कञ्चित्पक्षमाश्रयेत् ।।

श्रीमद्भागवत ११।८।३०

७६. भक्तिशास्त्राणि मननीयानि तदुद्बोधककर्माण्यपि करणीयानि ।।

भक्तिशास्त्रहरुको मनन गर्नु भक्तिलाई उद्बोधन गराउने कार्य पूजापाठ आदि पनि गर्नू ॥७६॥

७७. सुखदुःखेच्छालाभादित्यक्तं कालं प्रतीक्ष्यमाणेन क्षणार्धमपि व्यर्थं न नेयम् ।।

सुख दुःख लाभ हानि आदि पूर्णरूपमा त्याग हुन सक्ने समयको प्रतीक्षा गरेर आधा क्षण पनि भजन विना व्यर्थ नविताउनू ॥७७॥

७८. अहिंसा-सत्य-शौच-दयास्तिकतादिचारित्र्याणि पालनीयानि ।।

अहिंसा सत्य, शौच, दया, आस्तिकता, आदि सच्चरित्रहरू र सदाचारहरूको सम्यक् पालन गर्नू ॥७८॥

७९. सर्वदा सर्वभावेन निश्चिन्ततैर्भगवानेव भजनीयः ।।

हरवखत सर्वभावले निश्चिन्त भएर भगवान्को नै सेवा गर्नू ॥७९॥

८०. स कीर्त्यमानः शीघ्रमेवाविर्भवति अनुभावयति च भक्तान् ।।

प्रेमपूर्वक कीर्तन गरिएका ती भगवान् चाँडै नै प्रकट हुन्छन् र भक्तहरूलाई अनुभाव गराउँछन् । यो सूत्रको तात्पर्य अनुसार कीर्तन गर्दागर्दै भक्तहरुलाई शान्ति प्राप्त हुनु र दुःख, आपत्ति टर्नु पनि भगवान्को प्राकट्य हो, भगवान्को अनुभव हुनु हो ॥ ८०॥

८१. त्रिसत्यस्य भक्तिरेव गरीसि भक्तिरेव गरीयसी ।।

भूत, भविष्यत्, वर्तमान तीनैकालमा रहने र अविनाशी हुनाले भगवान् त्रिसत्य हुन् । ती भगवान्को भक्ति नै श्रेष्ठ छ भक्ति नै श्रेष्ठ छ । अथवा यो सूत्रको अर्को अर्थ पनि हुन्छ । शरीर मन वचन तीनवटै कुरामा सत्य भाव राख्ने व्यक्ति त्रिसत्य हो । आफू त्रिसत्य बनेर भगवान्को भक्ति गर्नुपर्छ ॥८१॥

८२. गुणमाहात्म्यासक्ति-रूपासक्ति-पूजासक्ति-स्मरणासक्ति-दास्यासक्ति-सख्यासक्ति-कान्तासक्ति-वात्सल्यासक्ति-आत्मनिवेदनासक्ति-तन्मयतासक्ति-परमविरहासक्ति-रूपैरेकाप्येकादशधा भवति ।।

यो प्रेमरूपा भक्ति एक नै भएपनि १ गुणमहात्म्या सक्ति २ रूपासक्ति ३ पूजासक्ति ४ स्मरणासक्ति ५ दास्यासक्ति ६ सख्यासक्ति, ७ कान्तासक्ति ८ वात्सल्यासक्ति ९ आत्मनिवेदनासक्ति १० तन्मयतासक्ति ११ परमविरहासक्तिका भदेले एघार प्रकारको हुन्छ ॥८२॥

यसरी यहाँ ११ प्रकारका भक्ति मानियो । तर भागवतमा भने नौप्रकारको भक्ति बताएको छ । श्रवण (कथा सुन्नु), कीर्तन गर्नु,

संझना गर्नु, पाउमा सेवा गर्नु (ढोग्नु आदि), पूजा गर्नु, नमस्कार गर्नु, आफूलाई सेवक संझनु, भगवान्लाई सँगी साथी जस्तै संझनु, भगवान्मा आत्मसमर्पण गर्नु–

"श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्
इति पुंसाऽर्पिता विष्णौ भक्तिश्चेन्नवलक्षणा ।
क्रियते भगवत्यद्धा तन्मन्येऽधीतमुत्तमम् ।।"

श्रीमद्भागवत ७।५।२३-२४।

वैष्णव भक्तिशास्त्रमा प्रकारान्तरले भक्तिको पाँचभेद मानेको छ । १. शान्तभक्ति, २. दास्य भक्ति, ३. सख्य भक्ति, ४. वात्सल्य भक्ति, ५. मधुर भक्ति ।

१. शान्तभक्ति भनेको त्यो हो भक्तलाई जसमा भगवान्को अचिन्त्यमहिमा अनन्तशक्ति निरतिशय ऐश्वर्य विश्वव्यापकता आदिको ज्ञान हुन्छ र भगवन्को महिमामा हर्षविभोर भएर आनन्दको अनुभूति गर्दछ । शान्तभक्तियुक्तमहात्मा हुन्– व्यास, वाल्मीकि, नारद आदि ।

२. दास्य भक्तिमा भगवन्महिमाको ज्ञानका साथै भगवान्सँग भक्तको सेव्य-सेवक भाव सम्बन्ध रहन्छ । म सदा सेवक हुँ र भगवान् सेव्य हुन् भन्ने भावना हुन्छ । जस्तै- हनुमानको रामप्रतिको भक्तिमा ।

३. सख्य भक्तिमा पनि भगवन्महिको ज्ञान भक्तलाई हुन्छ, अनि भगवान् उत्कृष्ट ईश्वर र आफू अपकृष्ट जीव हूँ भन्ने भावनाका साथै भगवान्मा सख्य भाव हुन्छ भगवान्लाई संगी साथी जस्तै परमहितैषी मित्र सम्झन्छ । अर्जुनले कृष्णलाई जस्तै ।

४. वात्सल्य भक्तिमा शान्त, दास्य, सख्य भक्तिमा हुने भावनाका साथै पुत्र, भाइ, वा, वन्धुमा हुने स्नेहभाव हुन्छ । त्यहीं स्नेहलाई वात्सल्य भनिन्छ । जस्तै- नन्द-यशोदा, वसुदेव-देवकीको कृष्णप्रतिको प्रेम ।

५. माधुर्यभक्तिमा शान्त, दास्य, सख्य भावका साथै कान्ताभाव प्रधानरूपमा हुन्छ । जस्तै– रूक्मिणी, राधा एवं गोपिनीहरूको कृष्णप्रतिको प्रेम । भक्त, पुरुष या स्त्री जो सुकै होस् सर्वात्मभावले भगवान्मा समर्पित भएमा कान्ताभावसम्पन्न मानिन्छ ।

यी शान्त, दास्य, सख्य, वात्सल्य, र माधुर्य भक्तिहरूमा उत्तरोत्तर भक्तिको तीव्रता हुन्छ भन्ने कुरा भक्तिदर्शनका आचार्यहरूले प्रतिपादन गरेका छन् । योगाङ्गमा पञ्चधा भक्तिविवरण प्रसङ्गमा लेखिएको छ । "शान्त, दास्य, सख्य, वात्सल्य, मधुर यी पाँच भावको स्थितिमा नै संसारको स्थिति छ । समस्त जीवात्माहरू यिनै पाँच भावका अधीनमा छन् । अनित्य नश्वर पार्थिव संसारवाट यी पाँच भावलाई हटाएर भगवान्का चरणमा समर्पण गर्नु भक्तिको साधन एवं परमपुरुषार्थ हो ।

यी पाँच भावहरूमा सर्वोत्कृष्ट भाव हो– मधुर । यसलाई कान्ताभाव पनि भनिन्छ । यस भावना शान्त, दास्य, सख्य, वात्सल्य र मधुर पाँचवटै भाव सम्मिलित हुन्छन् । यो भाव चरम र दुर्लभ छ । उदाहरणार्थ पत्नी जव आफ्ना पतिलाई रक्षक नेता अनि परमसुहृद् र सुखदुःखको साथी मान्दछिन् तव मधुर भावमा शान्तको दृष्टान्त हुन्छ । पतिलाई जव पत्नीले देवता मानेर पूजा गर्छिन्, सेवा गर्छिन् तव दास्यभाव हुन्छ । घरको काम-काज चलाउनका निमित्त जव दुवै पतिपत्नी मिलेर परस्पर परामर्श गर्छन् तव वहाँ सख्यभाव रहन्छ । पतिदेव भोजन गर्न वसेपछि पत्नीले आदर सम्मान एवं स्नेहसाथ यत्नपूर्वक जो भोजन गराउँछिन्, त्यसरी भोजन गराउन आमावाहेक अरू कोही सक्दैन । अतः त्यहाँ वात्सल्यको प्रकाश हुन्छ । जव विशुद्ध प्रेममा मग्न

भै दुवै प्राणी एकजीव एकमन भएर आनन्दको उपभोग गर्छन् तव मधुर भावमा निरतिशय माधुर्य प्रकट हुन्छ"[1] । यहाँ प्रस्तुत ग्रन्थमा वताइएको एकादशधा भक्ति, श्रीमद्भागवत अनुसारको नवधा भक्ति, एवं वैष्णवशास्त्रोक्त पञ्चधा भक्ति समेत तीन थरी भक्तिका प्रकारको विवरण गरियो । यी तीन थरी भक्तिका प्रकारमध्ये अन्तिम पञ्चधा भक्तिको प्रकार मनोविज्ञानात्मक देखिन्छ ।

८३. इत्येवं वदन्ति जनजल्पनिर्भया एकमताः कुमार-व्यास-शुक-शाण्डिल्य-गर्ग-विष्णु-कौण्डिन्य-शेषो-द्धवा-रूणि-बलि-हनूमद् विभीषणादयो भक्त्याचार्याः ।।

कुमार, व्यास, शुक, शाण्डिल्य, गर्ग, विष्णु, कौण्डिन्य, शेष, उद्धव, आरुणि, वलि, हनुमान्, विभीषण आदि भक्ति दर्शनका आचार्यहरु मानिसहरुको वकवादबाट निर्भय भएर यही नै भन्छन् । भक्ति नै सर्वश्रेष्ठ संसारसमुद्र तर्ने साधन हो ॥८३॥

८४. य इदं नारदप्रोक्तं शिवानुशासनं विश्वसिति स प्रेष्ठं लभते स प्रेष्ठं लभते ।।

जसले यो नारद प्रोक्त कल्याणमय अनुशासनमा विश्वास राख्छ, उसले प्रियतम भगवान्लाई प्राप्त गर्दछ । प्रियतम भगवान्लाई प्राप्त गर्दछ ॥ यहाँ अन्तिम वाक्यको आवृत्ति गरिएको निश्चय अर्थ वुझाउन हो । इत्यलम्

❖❖❖

[1] वि. सं. १९९२ कल्याण वर्ष १० संख्या १ पूर्णांक, संख्या १०९, पृ. ४७३-४७४ योगाङ्क हिन्दीवाट अनूदित ।

लेखकपरिचयः

इति श्रीनारदप्रोक्तभक्तिसूत्राणि कृत्स्नशः ।
नेपालीभाषया व्याख्यद् दुर्गादत्तः सतां सुहृत् ।।१।।

बाग्लुङ्मण्डलवास्तव्यहरिदत्ताख्यधीमतः ।
सुतः सतीशिरोमण्या लीलादेव्यास्सुगर्भजः।।२।।

मदीया ब्राह्मसूत्रस्य व्याख्येयं कीरगीरिव ।
प्रीणयेल्ललिताम्बायाः सहजं नन्दनन्दनम् ।।३।।

॥ इति श्री प्रा.डा. दुर्गादत्तशर्मविरचितसानुवादव्याख्यासहितं
नारदभक्तिसूत्रं समाप्तम् ॥

---

१ त्वद्रूपा हि महादेवी सहजश्च भवानपि ।
दातुमर्हसि कल्याणीमस्मै कामाशिवाय तु ॥ (इति विष्णुं प्रति ब्रह्मण उक्तिः)
तच्छ्रुत्वा वचनं तस्य देवदेवस्त्रिविक्रमः
ददौ तस्मै विधानेन प्रीत्या तां शङ्कराय च ॥

ब्रह्माण्डपुराण ललितोपाख्यान अध्याय १५ श्लोक १५-१६

लेखकको परिचय

नाम	:	दुर्गादत्तशर्मा उपाध्याय
जन्मस्थल	:	जैदी गा.वि.स. वार्ड नं. १, बाग्लुङ्ग
जन्म मिति	:	वि.सं. १९९६ चैत्र ३ गते
शिक्षा	:	साहित्याचार्य, विद्यावारिधि (पीएच्.डी.)
वर्तमान आवास	:	भरतपुर न.पा. वार्ड नं. १२, चितवन
विश्वविद्यालय सेवा	:	२०३८।८।२४देखि२०५९फागुन मसान्तसम्म
कार्यालय	:	वाल्मीकि विद्यापीठ, (भुकुटीमण्डप, काठमाण्डू, नेपाल)
पद	:	प्राध्यापक
कृति		
ग्रन्थव्याख्यान	:	लघुसिद्धान्तकौमुदीको सुबोधिनी नेपाली टीका म.सं.वि.बाट ५७ औं पुष्पको रूपमा प्रकाशित
ग्रन्थ सम्पादन	:	म.सं.वि.को सम्पादक मण्डलमा रही 'कर्मकाण्डभास्करः', 'तन्त्रचिन्तामणिः', 'ब्रह्मसूत्रशाङ्करभाष्यम्' आदि दर्जनौं ग्रन्थहरू र 'ऋतम्भरा' पत्रिकाका कतिपय अङ्कहरू ।
रचनाहरू	:	शिव महिम्नःस्तोत्रको र 'शिशुपालवध' द्वितीयसर्गको समच्छन्दी पद्यानुवाद र राजगुणानुवर्णनम्को अनुवाद-राजमहिमा, संस्कृत नेपाली भाषामा रचित विविध रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित । अरू अप्रकाशित रचनाहरू ।
विश्वविद्यालयीय कार्य	:	प्राज्ञिक परिषद्, अनुसन्धान समिति, परीक्षा समिति आदि समितिमा रही काम गरेको । हाल विद्यावारिधिमा संलग्न कतिपय अनुसन्धाताहरूको विशेषज्ञ पदमा वर्तमान ।
विशेष अभिरुचि	:	ग्रन्थसम्पादन, शास्त्रीय अनुसन्धान आदि ।